३९	अध्ययन भ्रमण	२००,०००।००	१०,०००।००	५।००	३००,०००।००
४०	कानुनी परामर्श सेवा	६०,०००।००	४८,०००।००	८०।००	६०,०००।००

४१	तिज विशेष	२५०,०००।००	३४१,१६०।००	१३६।४६	३००,०००।००
४२	विभिन्न कार्यक्रम खर्च	७५०००	६०,७००।००	८०।९३	७५०००
४३	बाल कार्यक्रम	२००,०००।००	२४७,६८१।००	१२३।८४	२५०,०००।००
४४	स्वास्थ्य शिविर	९०,०००।००		(	२००,०००।००
४५	बचतमा ब्याज खर्च	५१,५००,०००।००	४९,३९७,६४५।०९	९५।९२	६५,०००,०००।००
४६	जोखिम बेहोने	६००,०००।००	१,६११,०७०।०८	२६८।५१	१,०००,०००।००
४७	पत्रपत्रिका	१०,०००।००		(	१०,०००।००
४८	मर्मत खर्च	१६०,०००।००	२३६,६१९।००	१४७।८९	१४०,०००।००
५०	यातायात फिल्ड	३०,०००।००	२२,६००।००	७५।३३	३०,०००।००
५१	सहकारी शिक्षा	२२०,०००।००		(	१२०,०००।००
५२	ह्रास कट्टी खर्च	१,३५०,०००।००	१,०२४,३१८।३३	७५।८८	१,४००,०००।००
५४	स्थानीय संस्था अवलोकन	१५०,०००।००		(	१५०,०००।००
५५	संस्थासंग मनको कुरा	७०,०००।००	२६,५००।००	३७।८६	५०,०००।००
५६	युवा तथा खेलकुद कार्यक्रम	५००,०००।००		(	५००,०००।००
५७	स्थापना दिवस खर्च	१६०,०००।००	१२६,३९०।००	७८।९९	१५०,०००।००
५८	शुद्द बचत	१४,९३४,९००।००	१४,५४२,९३७।३९	९७।३८	१७,३३५,६००।००
५९	सेवा केन्द्र खर्च	५०,०००।००		(	३०,०००।००
६०	पदपुर्ती खर्च	३५,०००।००		(	५०,०००।००
६१	ओ.टी.खर्च	१००,०००।००	(	(	१००,०००।००
६२	सफट्वेयर अपडेट खर्च	३०,०००।००		(	३०,०००।००
६३	बिपत राहत खर्च	५०,०००।००	(	(	५०,०००।००
६४	सदस्य बिमा खर्च	१,१५०,०००।००		(	१,५००,०००।००
६५	ढुवानी हिसाब	१०,०००।००		(	५,०००।००
६६	ब्याज अनुदान	७०,०००।००	४१९,९७३।००	५९९।९६	१,५००,०००।००
६७	ऋणको ब्याज	९,०००,०००।००	७,३५६,०४०।८०	८१।७३	२००,०००।००
६८	सेवा केन्द्र संयोजक इन्धन तथा संचार खर्च	२१६,०००।००	१०८,०००।००	५०।००	२१६,०००।००
६९	भि.पि.एन/एटिएम संचालन खर्च	२५०,०००।००		(	५००,०००।००
७०	कर्मचारी पोशाक	२००,०००।००	१७०,०००।००	८५।००	२००,०००।००
७१	कर्मचारी तलब खर्च	९,४५०,०००।००	८,५८१,६९७।४२	९०।८१	९,६००,०००।००
७२	बिदा खर्च	९००,०००।००	४६४,९१३।८७	५१।६६	७००,०००।००
७३	आइटि खर्च	१२०,०००।००			
७३	कर्मचारी उपदान	१,५००,०००।००	६६९,५०२।०९	४४।६३	१,३००,०००।००
७४	कर्मचारी प्रोत्साहन	७२३,०००।००	४०,०००।००	५।५३	६५०,०००।००
		११८,८२१,९००।००	९,५९,९९१,१९८।९४		११७,७१५,६००।००

हेटौडा बचत तथा ऋण सहकारी संस्था लि.

हेटोडा –७ मकवानपुर

आ.ब.२०८१/२०८२ को कार्यक्रम कार्य योजना

क्र.स.	कार्यक्रम /कार्ययोजना	ईकाई/संख्या/कार्यक्रम मिति	श्रोत र असर
१	खुल्ला सदस्यता	५०० जना नयाँ शेयर सदस्य थप हुने	नयाँ शेयर सदस्य/संस्थाको कार्यक्षेत्र भित्र बसोवास गर्ने नेपाली नागरिक स्वएच्छीक रुपमा आउन र जान सक्ने ।
२	सहकारी शिक्षा र वित्तिय साक्षरता ।	प्रत्येक महिना १ पटक सदस्य शिक्षा कार्यक्रम गर्ने ।	कार्यक्रममा सहभागि सदस्यहरु सदस्य शिक्षा कार्यक्रमबाट लाभान्वीत हुने ।
३	रेमिटेन्स कारोबार	आबश्यक्ता अनुसार रेमिटहरु कारोबार गर्ने ।	बैदेशिक रोजगारीमा रहेको सदस्य /संस्थाको क्षेत्र भित्र रहेका व्यक्तिहरुलाई रेमिट कारोवार मा सुविधा पुग्ने
४	उत्पादन मुलक तथा अन्य कर्जा	उत्पादन मुलक ४०,००,०००/सम्म अन्य १५,००,०००/सम्म	शेयर सदस्य / सदस्यहरुलाई व्यबसाय गर्न र खाचो टार्न मद्दत पुग्ने
५	एक घर एक सदस्य	कम्तिमा एक घर एक सदस्य बन्न कार्यक्षेत्र भित्र अभियान संचालन गर्ने प्रत्येक महिनाको अन्तिम शनिबार एक टोलमा अनतरक्रिया कार्यक्रम हुने ।	नयाँ शेयर सदस्य/कार्य क्षेत्र भित्र रहेका नेपाली नागरिकलाई संस्थामा आबद्ध हुने अबसर प्राप्त हुने
६	सदस्यहरुको सुख दुखमा हेटौंडा बचत तथा ऋण सहकारी ।	आबश्यकक्ता अनुसार	सञ्चालक, लेखा समिति उप-समितिहरु कर्मचारी र सेयर सदस्य /सदस्यहरुको बिचमा सामाजिक भाबनाको बिकास हुने
७	जेष्ठ सदस्यहरुको मनको कुरा संस्था सग ।	बर्षको १ पटक मनको कुरा गरिनेछ ।	जेष्ठ शेयर सदस्य /जेष्ठ नागरिक बचत बृद्दि र जेष्ठ नागरिक सम्मान
८	उत्पादनशिल कर्जा बृद्धि	आबश्यकक्ता को सिद्धान्त अनुसार	संस्था र सेयर सदस्य/उद्यमि बन्न प्रेरित गर्ने ।
९	असल ऋणीलाई तत्काल लगानी	संस्थाका असल सदस्यहरुलाई संस्थाको मुल्याङ्कन अनुसार	संस्था, सेयर सदस्य/ असल ऋणीलाई सहज ढंगले तत्काल ऋण उपलब्ध हुने र असल सदस्य हुनलाई प्रेरित गर्ने ।
१०	नियमित मासिक बचत फिर्ता	प्रत्येक सदस्यको नियमित मासिक बचत रु २५,००० पुगेपछि मात्र रु १० हजार बांकि राखी फिर्ता गरिनेछ ।	सदस्यको बचतमा वृद्धि तथा संस्थाको निक्षेपमा वृद्धि ।
११	नीति र कार्यबिधिहरु	आवश्यक नीति र कार्यबिधी निर्माण गरी लागु गर्ने ।	संस्था /काम काज व्यवस्थित हुने र विधि पद्धती अनुरुप कामकाज व्यवस्थित हुने ।
१२	संस्था स्थापना दिवश र लक्ष्मी पुजा	लक्ष्मी पुजाको दिन दिपावली र पौष ७ देखि १३ गते सम्म बिबिध कार्यक्रम हुने	संस्था/संस्कृतिको प्रर्बद्धन गर्दै संस्थाको सेवा प्रवाहको साथै अतिरिक्त प्रचार प्रसार हुने ।

१३	आकश्मिक उपचार कर्जा	२४ घण्टा उपलब्ध हुने ६० दिन सम्म व्याज नलाग्ने, एपचार कर्जाको हकमा २ प्रतिशत छुट हुने ।	संस्था र सेयर सदस्य/ सदस्यहरुलाई सहज ढंगले उपचार कर्जा उपलब्ध हुने ।
१४	आकाश्मिक दुर्घटना	सेयर सदस्य दुर्घटना भै अस्पताल लै जानु परेमा रु. ४०००/उपलब्ध सम्म दुर्घटना सहयोग उपलब्ध गराउने ।	संस्था /आपत्कालीन अवस्थामा संस्थाबाट सदस्यहरुलाई सहयोग भएको अनुभुती हुने ।
१५	कर्जा माग गर्न आवश्यक शेयर तथा बचत	सेयर ऋण नीतिमा व्यवस्था भए अनुसार रु २ लाख सम्मको ऋण लिंदा १०० कित्ता रु २ लाख १ हजार देखि १९ लाख ९९ हजार सम्म १५० कित्ता र २० लाख भन्दा माथि २५० कित्ता शेयर खरिद गर्नु पर्ने र रु.५ लाख माथिको ऋण लिंदा बचतमा ऋणको अनुपातमा २.५% जम्मा हुनु पर्नेछ ।	संस्था र सेयर सदस्य/ सदस्यको बचतमा बृद्धि तथा व्याज सुन्यकरण अभियानमा सहयोग पुग्ने ।
१६	सदस्यहरुलाई तालिम	सदस्यहरुको माग अनुसार तालिमको व्यवस्था गर्ने	संस्था र सेयर सदस्य/ सदस्यहरुको आय आर्जनमा बृद्धि हुने ।
१७	ऋण विभागको शि(फारिसमा ऋण व्यबस्थापन कमिटिबाट ऋण लगानि	रु १०,००,०००/ सम्म ।	संस्था/ऋण लिने सदस्यहरुमा ऋण लिन छिटो छरितो ऋण प्रवाह हुने र सदस्यहरुले सहजता महसुस हुने ।
१८	हर्जना व्यवस्था	ऋण नीतिको व्यवसथा बमोजिम ।	सेयर सदस्य /संस्थाको बिनियमको पालना हुने र ऋणी सदस्यहरुले समयमै रकम बुझाउन लागि पर्ने तथा सदस्यहरुको बचतको सुरक्षा हुने ।
१९	कर्जा अशुलीमा थप शुःल्क	३ महिना सम्म पनि ऋणि सदस्यहरु ब्याज ,साँवा तिर्न नआएमा टेलीफोन पत्राचार,र घरदैलो जानुपरेमा दोस्रो पटक सम्म तपशिल बमोजिम थप शुल्क नलिने त्यसपछि अनिवार्य रुपमा तपशिल बमोजिमको थप शुल्क लागु गरिएको छ । तपशिल , क) टेलिफोन प्रत्येक पटक रु १०० ख) पत्राचार प्रत्येक पटक रु ३०० ग) घरदैलो प्रत्येक पटक रु ५००	सेयर सदस्य/समयमै ऋण अशुलीमा सहजता आउने ।

२०	सदस्य आगमन तथा बर्हिगमन	सदस्य आगमन(प्रवेश शुल्क) मा २००/तथा बहिरगमन(खाता वन्दी) मा रु २००/लाग्ने ।	संस्था/सदस्य खुल्ला सदस्यको प्रत्याभुति हुने ।
२१	शेयर सदस्य सुविधा	साधारण सभाको निर्णयअनुसार शेयर लाभासं, संरक्षीत पुँजी फिर्ता,नास्ता, तथा यातायात भत्ताको सुविधा प्रदान ।	संस्था/सदस्य सेयर सदस्यलाई पाउने सुबिधाको प्रत्याभुती
२२	चौमाशिक गोष्ठि र योजना	वर्षमा ३ पटक । चौमाशिक गोष्ठी गरिने छ ।	संस्था /संस्थाको गतिबिधी जानकारी हुने ।
२३	सदस्य सम्मान तथा पुरस्कार	नियमित बचत कर्ताहरु, अशल ऋणीहरु र संस्थालाई विषेश योगदान पुऱ्याउने मध्ये	संस्था /बचत कर्ता र ऋणीहरुलाई हौसला प्रदान गर्ने ।
२४	छात्रबृत्ति र पुरस्कार	सदस्यका जेहेन्दार विद्याथी तथा विभिन्न क्षेत्र समेट्ने गरि विद्यार्थिहरुलाई पुस्कृत र उच्च शिक्षाको लागि छात्रवृद्धि प्रदान	श्रोत/ संस्था बिद्यार्थीहरुलाई अध्ययनमा हौसला हुने र शैक्षिक स्तर सुधार हुने ।
२५	समिति तथा उपसमितिको सुविधाको व्यबस्था	सञ्चालक समितिको बैठक भत्ता रु१०००/र उपसमितिको बैठक रु ५००/	श्रोत / संस्था बैठकमा सहभागि भए बापत तथा कार्यालयमा कृयाशिलताको लागि ।
२६	तिज बिशेष कार्यक्रम	१ पटक /तिजको अवसरमा	संस्था / संस्थाको महिला सदस्य लाभान्वित हुने र संस्कृतिको जगेर्ना हुने ।
२७	तिर्थाटन कार्यक्रम	वर्षमा १ पटक जेष्ठ सदस्यहरुलाई	संस्था/ संस्थासंग आत्मीयता बृद्धि हुने र जेष्ठ सदस्यहरुको भावनाको सम्मान हुने ।
२८	संस्थामा रकम जम्मा तथा फिर्ता सम्बन्धमा ।	नगद जम्मा गर्दा र फिर्ता गर्दा एक सदस्यको खाताबाट १ दिनमा ९ लाख ९९ हजारको सिमामा नगद कारोबार गर्ने ।	नेपाल राष्ट्रबैंकको मापदण्ड अनुसारको काम हुने ।
२९	सुत्केरी (पोषण) खर्च	दुई मात्र सन्तान जन्माउने सेयर सदस्यहरुलाई रु. २०००/ (पोषण) खच उपलब्ध गराउने ।	संस्था /जनसंख्या नियन्त्रण तथा मातृशिशु स्वास्थ्यमा सहयोग ।
३०	बाल कार्यक्रम	वर्षमा १ पटक संस्था स्थापना दिवशको अवसरमा ।	संस्था/ बाल बचत कर्ताहरुमा सहकारीको भावना बिकाश गराउने र भावि नेतृत्व बिकास हुने ।
३१	छोटो अवधिको अध्ययन भ्रमण	सञ्चालक समिति,लेखा समिति तथा बिभिन्न उप समिति तथा कर्मचारीहरुलाई ।	संस्था / संस्था बिकासमा प्रेरित गराउने तथा सेवा प्रवाहमा निखारता आउने ।

३२	आवशिय तालिम र कार्याशाला	संस्थाको समिति र कर्मचारीहरुलाई दिईने ।	संस्था/ सक्षम नेतृत्व र दक्ष्य जनसक्ती उत्पादन हुने ।
३३	बचतमा व्याज दर	नियमित मासिक बचत-७% बाल बचत-९ % ऐच्छिक बचत-४.५% पर्व बचत-७ % बिमा बचत-५ % दैनिक बचत-३ % जेष्ठ सदस्य बचत-८ % आबधिक बचत ६ महिना-८% आबधिक बचत ९ महिना-८.२५% आबधिक बचत १ वर्ष-८.५० % आबधिक बचत २ वर्ष-९% आबधिक बचत २ वर्ष भन्दा माथि-९.५% सरल आबधिक बचत-८.५ % ग्रा.सु बचत-३ % पेन्सन बचत-१३ % संचय कोष बचत-१०.५ % जिबन सुरक्षा बचत-१० % सदस्य सुरक्षण बचत-१३ % आबधिक बचत ब्याज खाता-५ % कर्जा सुरक्षण बचत-७ %	संस्था/ निक्षेपमा व्याज प्राप्त भई सदस्यहरुलाई लाभ हुने ।
३४	कर्जा मा व्याजदर	घरायसी-१३.५ % व्यापार व्यवसाय कर्जा-१२.५ % बैदेशिक रोजगार कर्जा-१४% कृषि कर्जा-१२.७५% पशुपालन कर्जा-१२.७५% आकस्मिक कर्जा-१४% शैक्षिक कर्जा-१२.७५% महिला उद्यमी कर्जा-१२.७५% निक्षेप कर्जा- **बचतको ब्याज भन्दा** २ % बढि **कृषि तथा पशुपालन कर्जा , नियमित किस्ता /ब्याज बुझाएमा २ % छुटको ब्यवस्था ।**	संस्था र सेयर सदस्य / समय सापेक्ष व्याजदर निर्धारणले ऋणी सदस्यमा प्रभाव ।
३५	हेलो सदस्य कार्यक्रम	प्रत्येक महिनाको ९ गते संस्थाका अध्यक्षज्युले शेयर सदस्यहरुबाट सुझाव संकलन गर्ने	संस्था /सेयर सदस्य । सेयर सदस्यहरुबाट महत्वपुर्ण सुझावहरु प्राप्त हुने र वैठक मा निर्णय गरि कार्यान्वयनमा लान सहज हुने ।
३६	आर्थिक कारोबारको प्रतिवेदन	७ गते भित्र सम्बन्धीत निकायहरुमा प्रतिवेदन पेश र संस्थाको सुचना बोंडबाट प्रकाशित गर्ने ।	संस्था, सेयर सदस्य/ प्रतिवेदनले संस्थाको आर्थिक कारोवार सम्बन्धी जानकारी हुने ।

३७	कारोबार सहजिकरणमा प्रविधिको प्रयोग	सदस्यहरुले माग गरेका अवस्थामा १ वर्षको लागि मोवाइल बैंकिङ बापत रु ३०० र एस एम एस बापत रु १५० शुल्क बुझाई प्रयोग गर्न सकिने ।	सदस्यहरुले प्रविधिको प्रयोग गर्ने र कारोबारमा सुनिश्चितता देखिने ।
३८	भुक्तानी पुर्जाबाट बचत फिर्ताको व्यवस्था	नियमित तथा ऐच्छिक कारोबार गर्ने सदस्यहरुलाई अनिवार्य रुपमा भुक्तानी पुर्जा बाट बचत फिर्ता ।	ब्चत फिर्तामा एकरुपता आउने र सदस्यको बचतलाई गोप्य तथा सुरक्षीत राख्न मद्धत पुग्ने ।
३९	भवन तथा पर्खाल निर्माण	संस्थाको घर,पर्खाल तथा पार्कीङ स्थल निर्माण	संस्था / पार्किङ स्थाल निमार्ण हुने ।
४०	सदस्य उपचार	संस्थाको सेयर सदस्यहरुलाई घातक रोग लागेमा उपचारको लागि रु १० हजार सम्म उपलब्ध हुने (मृगौला फेल, मुटुको अपरेशन, मेरुदण्ड पक्षघात र क्यान्सर) लागि विरामी भएमा	संस्था/सेयर सदस्य सदस्यहरुको स्वस्थ्य उपचारमा सहयोग पुग्ने ।
४१	स्वदेश तथा बिदेश भ्रमण	सञ्चालक तथा कर्मचारीलाई साझेदारीमा भ्रमणको व्यवस्था ।	संस्था/ सहकारी मा नयाँ खोजको बिकास तथा अनुभव आदन प्रदान ।
४२	त्रैमाशिक व्याज	शेयर सदस्यको संस्थामा जम्मा भएको रकमलाई त्रैमाशिक रुपमा व्याज बितरण गरि पुँजिकृत गर्ने ।	संस्था /सेयर सदस्य सेयर सदस्यहरुको बचतमा बृद्धी हुने ।
४३	स्वास्थ्य परिक्षण	निःशुल्क औषधी बितरण सहितको माघको अन्तीम हप्तामा स्वस्थ्य शिविर गरिने ।	संस्था / सदस्य सदस्यहरुको स्वस्थ्य परिक्षण हुने ।
४४	संरक्षीत पुँजी फिर्ता	योगदानको आधारमा बचतको व्याजमा ४०% र ऋणमा तिरेको व्याजमा ६०% वितरण हुने ।	संस्था /सेयर सदस्य सदस्यहरुको योगदानको प्रतिफल प्राप्त हुने ।
४५	दुर्घटना विमा	शेयर सदस्यहरुलाई रु १ लाख बरावरको वार्षिक निःशुल्क बिमा गरिने ।	संस्था /सेयर सदस्य सदस्य परिवारलाई राहत पुग्ने ।
४६	लखपती बचत योजना	दैनिक रु २६५ को दरले ३६५ दिन जम्मा गर्नु पर्ने	संस्था /सेयर सदस्य सदस्यहरुलाई आर्थिक रुपले सम्पन्न बनाउन सहयोग पुग्ने ।
४७	महिला उद्यमी कर्जा	महिला सदस्यको नाममा उद्योग दर्ता भएको उद्यमी महिला सदस्यलाई धितो लिई सहुलियत कर्जा अन्तर्गत रु. १० लाख सम्म लगानी गर्ने र निर्धारित व्याजमा २ प्रतिशत छुट दिने	संस्था /महिला सदस्य महिलाहरुलाई उद्यम गर्न प्रोत्साहन हुने ।

४८	त्रैमाशिक रुपमा व्याज सुन्यीकरण गर्ने	ऋणी सदस्यहरुलाई साँवा व्याज माशिक रुपमा किस्ता स्वरुप बुझाउन प्रेरित गर्ने र कम्तिमा ३ महिना भित्र व्याज लाई सुन्यीकरण गर्ने ।	संस्था /ऋणी शेयर सदस्य सदस्यलाई कर्जा भुक्तान गर्न सहज हुने र संस्थाको लक्ष्य प्राप्त हुने ।
४९	आफ्नो लागि आफैं गरौं अरुको भर नपरौं	सरल आवधिक बचत गरि माशिक रुपमा आवधिक बचत गर्न सक्नेछ । सुरुमा बचत गरेको मितिलाई आधार मानी १ वर्षको म्याद भित्र रकम जति पनि जम्मा गर्न सक्ने र सुरुमा बचत गरेको मितिले एक वर्ष पुगेको मितिमा बचत रकम झिक्न सक्ने छ ।	संस्था /सेयर सदस्य सदस्यहरुलाई क्रमिक बचतबाट पनि बढी लाभ लिन सक्ने
५०	कृषि कर्जामा छुटको व्यवस्था	कृषि व्यवसायी सदस्यहरुलाई कृषि क्षेत्रको कर्जामा २ प्रतिशत ब्याज छुट ।	कृषि उत्पादनमा बृद्धि भई आय आर्जन गर्न सहज हुने ।
५१	बिक्री केन्द्र स्थापना गर्ने	सदस्यहरुले उत्पादन गरेको बस्तुहरु सहजरुपमा उपभोक्ता माझ पुऱ्याउन बिक्रि केन्द्र स्थापना गर्ने ।	संस्था /सेयर सदस्य उद्यमी सदस्यहरुको उत्पादन सहज बिक्रि भई सफल उद्यमी बन्न प्रेरित हुने ।
५२	ऋणको व्याज मात्र भुक्तानीको अवस्था ।	नीर्धारित ब्याजमा २ प्रतिशत थप गरि कर्जाको ब्याजमात्र बुझाउने व्यवस्था कायमै रहेको ।	सदस्यहरुलाई ब्याजमात्र तिर्न पनि सहजता प्रदान गरिएको (२०८१ आषाढ अघिको लगानिमा मात्र यो व्यवस्था कायम रहेको)
५३	भल्टको व्यवस्था	संस्थामा भल्टको व्यवस्था गरि नगद व्यवस्थापन गर्ने ।	संस्था /सेयर सदस्य सस्थामा नगद परिचालनमा सहज हुने ।
५४	ATM को व्यवस्था	संस्थाको सदस्यहरुलाई जुन सुकै स्थानबाट जुन सुकै समयमापनि रकम सहज उपलब्ध गराउन ATM को व्यवस्था गर्ने ।	संस्था /सेयर सदस्य सदस्यहरु लाई सहज वित्तिय सेवा प्राप्त भई संस्थामा सदस्य बृद्धि हुने ।
५५	कर्जा सुरक्षण कार्यक्रम	सबै प्रकारका सामुहि जमानिको ऋण रकममा १ प्रतिशत कर्जा सुरक्षण शुल्क लिइने ।	सदस्य तथा कर्जा जोखिमको अबस्था नआउने ।
५६	हेटौडा साकोस सदस्य कार्यक्रम	प्रत्येक सदस्यहरुको घरमा हेटौडा साकोस सदस्य स्टिकर वितरण गरिनेछ ।	सदस्य र संस्थाको सम्बन्धमा नजिक पन आउने र सदस्यको घर पहिचानमा सहज हुने ।

र अन्त्यमा संस्थाको बिकाशमा शेयर सदस्यहरुको भुमिका महत्वपुर्ण हुने हुंदा सदस्यहरुबाट संस्था सुदृढीकरण र दिगो बिकाशको लागि अधिकतम सुझाबहरुको अपेक्षा गर्दै सदस्यहरुले आफ्नो दायित्व पुरा गर्नु हुने बिश्वासका साथ संस्थाले प्रदान गर्ने सुशासनको प्रत्याभुती गर्दै अगाडी बढ्ने दृढ संकल्पका साथ बचत गरौ ढुक्कले बाचौ भन्ने संस्थाको मुल मर्मलाई आत्मसाथ गर्दै अगाडी बढ्ने प्रेरणा प्राप्त हुने विश्वासका साथ सदैव सदस्यको हित र सस्थाको बिकाशमा लागि परौ भन्दै प्रतिवेदन तयारि गर्न सहयोग गर्नु हुने कर्मचारी मित्रहरु संचालक समिति लेखा सुपरिवेक्षण समिति प्रति हार्दिक आभार ब्यक्त गर्दै २५ औं वार्षिक साधारण सभामा सहभागि हुनुहुने सम्पुर्ण शेयर सदस्यज्युहरु प्रति हार्दिक कृतज्ञता ज्ञापन सहित प्रतिवेदनलाई समाप्ती तिर लैजान्छु ।

धन्यवाद,

जय सहकारी

जय हेटौडा साकोस

पार्वती

पार्वती ढकाल

कोषाध्यक्ष

पूर्णमान एण्ड एसोसिएट्स
रजिष्टर्ड अडिटर्स
फर्म दर्ता नं. : ३७२७
स्थायी लेखा नं. : ३००८७८२६२

हेटौडा २ कान्तीराजपथ, मकवानपुर
सदस्यता नं. ५४७७
पे.प्र.प.नं. १८२२ बर्ग"ख"
मो. नं. ९८४५०२९१४६

श्री शेयर सदस्य महानुभावहरु
हेटौडा वचत तथा ऋण सहकारी संस्था लि.
हेटौडा उपमहानगरपालिका वडा नं. ७ नागस्वोती, मकवानपुर ।

श्री हेटौडा वचत तथा ऋण सहकारी संस्था लिमिटेडको वित्तीय विवरण उपर स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

कैफियत सहितको मन्तव्य

हामीले श्री हेटौडा वचत तथा ऋण सहकारी संस्था लिमिटेडको (यस पछि "संस्था"भनिएको) को यसै साथ संलग्न २०८१ आषाढ ३१ मितिको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सानी हिसाब, नगदप्रवाह विवरण, इक्यूटीमा भएको परिवर्तन र प्रमुख लेखानीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु (यस पछि समग्रमा वित्तीय विवरणहरु भनिएको) लेखापरीक्षण सम्पन्न गरेका छौं ।

मन्तव्यको आधार शिर्षक अन्तर्गत समावेस भएका विषय वस्तुले पार्ने असर वाहेक हाम्रो रायमा र हामीले पाएको अधिकतम जानकारी तथा हामीलाई दिईएको स्पष्टिकरणहरु बमोजिम माथि उल्लेखित वित्तीय विवरणहरुले सारभूत रुपमा संस्थाको मिति २०८१ आषाढ ३१ को वित्तीय अवस्था तथा सो मितिमा अन्त्य भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण, ईक्विटिमा भएको परिवर्तन र प्रमुख लेखा नीतिहरु तथा लेखासम्वन्धि टिप्पणीहरु प्रचलित कानूनका अधिनमा रही सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ अनुसार उचित चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार (*Basis of Qualified Opinión*)

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसारको प्रतिवेदन पेस गरेका छौ :

१.संस्थाले वित्तीय विवरणहरु नेपाल वित्तीय विवरण प्रतिवेदनमान(Nepal Financial Reporting Standards) बमोजिम तयार नगरी नेपाल सरकार भूमी व्यवस्था,सहकारी तथा गरिवी निवारण मन्त्रालयवाट जारी भएको सहकारी क्षेत्रको वित्तीय प्रतिवेदन ढांचा (लेखानीति , लेखासूची र लेखा मापदण्ड) २०७६ अनुसार तयार गरिएको पाइयो ।

२. सहकारी विभाग बाट जारी मापदण्ड २०६८ अनुसार असल, संकास्पद र खराव ऋणमा वर्गिकरण गरी क्रमशः १%, ३५% र १०० % ले हुन आउने रकमलाई ऋण जोखिम व्यवस्था गर्नु पर्नेमा आ.ब. २०८०/०८१ मा पर्याप्त रकम व्यवस्था नगरेको पाइयो ।

३. संस्थाको ऋण लगानी बाट प्राप्त ब्याज Accrual Basis मा गर्नु पर्नेमा Cas Basis मा गरिएको पाइयो ।

४. संस्थाको स्वामित्वमा रहेका जग्गा र भवनको Fair Value मा मुल्याङ्कन गरेको पाइएन ।

५. संस्थामा कार्यरत कर्मचारीहरुको श्रम ऐन तथा नियमावली बमोजिम रोजगार पछिको सुविधाको व्यवस्था गरिएको देखिएन ।

हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमान बमोजिम सम्पन्न गरेका छौं । ती मान बमोजिम हाम्रो जिम्मेवारी यसै प्रतिवेदनको "वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व"शीर्षक अन्तर्गत थप व्याख्या गरिएको छ । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा जारी गरेको "द हयाण्ड् बुक अफ द कोड अफ इथिक्स् फोर फ्रोफेसनल एकाउन्टेन्ट्स (The Handbook of the Codeof Ethics for Professional Accountants) बमोजिम हामी संस्थासंग

PURNA MAN & ASSOCIATES
Registered Auditors
Makwanpur
Registrations No. 3727

स्वतन्त्र छौं र हामीले सो Handbook बमोजिमको अन्य नैतिक दायित्वको पालना गरेका छौं । हाम्रो लेखापरीक्षण प्रमाणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

लेखाङ्कनको आधार :

हामीले वित्तीय विवरणसंग सम्बन्धित प्रमुख लेखानीतिहरुको बुंदा नम्बर १ मा उल्लेखित लेखाङ्कनको आधारमा व्याख्या गरिएको बुंदाहरुमा ध्यानाकृष्ट गराउंछौ । वित्तीय विवरणहरु नेपाल सरकार भूमी व्यवस्था,सहकारी तथा गरिवी निवारण मन्त्रालयवाट जारी भएको सहकारी क्षेत्रको वित्तीय प्रतिवेदन ढांचा (लेखानीति , लेखासूची र लेखा मापदण्ड) २०७६ अनुसार तयार गरिएका छन । फलस्वरुप वित्तीय विवरणहरु अन्य प्रयोजनका लागि उपयुक्त नहुन पनि सक्दछन । यस विषयले हाम्रो राय परिमार्जन भएको छैन ।

अन्य मामिला

वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेकाको उत्तरदायित्व

नेपाल सरकार भूमी व्यवस्था,सहकारी तथा गरिवी निवारण मन्त्रालयवाट जारी भएको सहकारी क्षेत्रको वित्तीय प्रतिवेदन ढांचा (लेखानीति , लेखासूची र लेखा मापदण्ड) २०७६ अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयारी एवम् प्रस्तुत गर्ने तथा चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत रुपमा त्रुटी रहित वित्तीय विवरण तयार गर्ने सम्बन्धि आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । वित्तिय विवरण तयार गर्दा व्यवस्थापनलाई संस्था विघटन गर्ने, संचालन बन्द गर्ने वा सो बाहेक व्यवहारिक वैकल्पिक विकल्प नभएको अवस्थामा बाहेक, संस्था निरन्तर संचालन हुने क्षमताको मूल्याङ्कन गर्ने, आवश्यक बमोजिम खुलासा गर्ने र निरन्तर संचालनमा आधारित लेखानीति प्रयोग गरी वित्तीय विवरण तयार गर्ने जिम्मेवारी संस्थाको व्यवस्थापनमा रहेको छ ।

संचालक समिति र संस्थाको व्यवस्थापन संस्थाको वित्तीय सम्प्रेषण प्रकियाको रेखदेखको लागि जिम्मेवार छ ।

वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व

वित्तीय विवरणहरु सम्पूर्ण रुपमा चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत रुपमा त्रुटिरहित छन वा छैनन भन्नेबारे उचित आश्वस्तता प्राप्त गर्नु र हाम्रो राय समावेश गरी लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हाम्रो उद्देश्य हो । उचित आश्वस्त्ता एक उच्च स्तरीय आश्वस्त्ता भएतापनि सारभूत त्रुटीहरु विद्यमान रहेको अवस्थामा समेत लेखापरीक्षणमान अनुरुपै गरिएको लेखापरीक्षणमा समेत उक्त सारभूत त्रुटीहरु सधैं पहिचान हुन्छन भन्ने आश्वस्त्ता रहदैन । गलत प्रस्तुति, जालसाजी वा त्रुटीबाट उत्पन्न हुन सक्दछन् र ती प्रस्तूतिहरुले वित्तिय विवरणको आधारमा प्रयोगकर्ताहरुले लिने आर्थिक निर्णयहरुलाई अलग अलग वा समग्ररुपमा प्रभाव पार्न सक्ने उचित अपेक्षा गरिन्छ भने, उक्त गलत प्रस्तुतिलाई सारभुत रुपमा गलत प्रस्तुति भनिन्छ ।

नेपाल लेखापरीक्षणमान अनुरुप लेखापरीक्षणको क्रममा हामी व्यवसायीक सन्देह कायम राखी पेशागत निर्णयको अभ्यास गर्दछौं । क्रमश हामीले :

- वित्तिय विवरणमा जालसाजी वा त्रुटीबाट हुन सक्ने सारभूत गलत प्रस्तुतिहरुको जोखिम पहिचान तथा मुल्याङ्कन गरी ती जोखिमहरुको लागि प्रभावकारी लेखापरीक्षण प्रकियाहरु तर्जुमा गरी हाम्रो मन्तव्य प्रदान गर्ने आधारको लागि पर्याप्त तथा उचित लेखापरीक्षण प्रमाण संकलन गर्दछौं । मिलि भगत, ठगी, जानाजानी चूक, गलत प्रतिनिधित्व वा आन्तरिक नियन्त्रण प्रणलीको मिचाई समावेश हुने भएकोले गल्तीहरु भन्दा जालसाजीबाट हुने सारभूत गलत प्रस्तुतिहरुको पहिचान नहुने जोखीम अधिक रहन्छ ।
- संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीता सम्बन्धि राय व्यक्त गर्ने उद्देश्य नभई, लेखापरीक्षण प्रकियाहरु तर्जुमा गर्नका लागि लेखापरीक्षणमा प्रासगिंक हुने संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको बारेमा जानकारी प्राप्त गर्दछौं ।
- व्यवस्थापनले प्रयोग गरेका लेखानीतिहरुको औचित्य, लेखाअनुमानको व्यावहारिकता तथा लेखा सम्बन्धि खुलासाहरुको मूल्याङ्कन गर्दछौं ।
- व्यवस्थापनले प्रयोग गरेको व्यवसायको निरन्तरतामा आधारित लेखानीतिको औचित्यता तथा प्राप्त लेखापरीक्षण प्रमाणको आधारमा कुनै घटना वा अवस्थाहरुसंग सम्बन्धित सारभूत अनिश्चितताको कारणले संस्थाको व्यवसायीक निरन्तरताको क्षमतामा उल्लेख्य शङ्का उत्पन्न गर्न सक्ने अवस्थामा तथा यदि हामीले सारभूत अनिश्चितता रहेको निष्कर्ष निकालेकोमा,

PURNA MAN & ASSOCIATES
Registered Auditors
Makwanpur
Registrations No. 3727

लेखापरीक्षण प्रतिवेदनमा वित्तीय विवरणको सम्बन्धित खुलासा उपर ध्यानाकृष्ट गर्नुपर्दछ वा यदि ती खुलासा अपर्याप्त भएमा,हाम्रो राय परिमार्जन गर्नुपर्दछ । हाम्रो निष्कर्ष लेखापरीक्षण प्रतिवेदन मितिसम्म प्राप्त लेखापरीक्षण प्रमाणमा आधारित रहेको हुन्छ । तथापी भविष्यका घटना तथा अवस्थाहरुले संस्था अविच्छिन्न निकायको रुपमा नरहन सक्दछ ।

- वित्तीय विवरणको समग्र प्रस्तुतीकरण ढांचा र खुलासा सहितको विषयवस्तु तथा अर्न्तनिहित कारोवार एवंम घटनाहरुलाई वित्तीय विवरणमा निष्पक्ष रुपमा प्रस्तुतिकरण गरे नगरेको मूल्याङ्कन गर्दछौं ।

हामीले वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेकोहरुलाई अन्य विषयका अतिरिक्त, लेखापरीक्षण कार्ययोजना, समय तालिका र महत्वपूर्ण लेखापरीक्षण खोजहरु लगायत संस्थाको आन्तरिक नियन्त्रण प्रणालीमा रहेको महत्वपूर्ण कमी कमजोरीहरुको जानकारी गराउदछौं ।

शुशासनको जिम्मेवारी बहन गरेकाहरुलाई प्रासंगिक नैतिक आवश्यकताहरु पालना गरेको जानकारी सहितको विवरण र हाम्रो स्वतन्त्रतामा उल्लेख्य प्रभाव पार्न सक्ने मानिएका सबै सम्बन्ध तथा अन्य कुराहरु साथै सो सम्बन्धि प्रतिरोध बारेमा समेत जानकारी गराउंदछौं ।

अन्य कानूनी तथा नियामक निकायका आवश्यकता सम्बन्धि प्रतिवेदन

(क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना तथा स्पटिकरणहरु पाएका छौ ।

(ख) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा हाम्रो रायमा संस्थाको हिसाव किताव ऐन वमोजिम ठिकसंग राखिएको छ ।

(ग)कैफियत सहितको रायको आधारमा लेखेको वुंदा वाहेक यो प्रतिवेदनसंग सम्बन्धित संलग्न वासलात, नाफा वा नोक्सान हिसाव, स्वमित्व अंशमा भएको परिवर्तन विवरण, नगद प्रवाह विवरण र संलग्न अनुसुचीहरु सहकारी क्षेत्रको वित्तीय प्रपतिवेदन ढांचा २०७६ को ढांचा र तरिका अनुसार तयार गरिनुका साथै संस्थाले राखेको हिसाव किताव, वही खाता,श्रेस्ता र लेखासंग दुरुस्त रहेका छन ।

(घ) हामीले लेखापरीक्षणको समयमा संस्थाको संचालक समिति वा कुनै प्रतिनिधि वा कुनै कर्मचारीले प्रचलित कानून विपरित कुनै कार्य गरेको वा संस्थाको सम्पत्ती हिनामिना गरेको वा संस्थाको हानी नोक्सानी गरे गराएको हाम्रो जानकारीका आएन ।

स्थान: कान्तिराजपथ, हेटौडा, मकवानपुर
मिति :- २०८१।०७।२७
UDIN : 241120RA05477VXWKW

निमित्त: पूर्णमान एण्ड एसोसिएट्स
दर्तावाला लेखापरीक्षक

पूर्णमान श्रेष्ठ
प्रोप्राइटर
PURNA MAN & ASSOCIATES
Registered Auditors
Makwanpur
Registrations No. 3727

हेटौडा वचत तथा ऋण सहकारी संस्था लि.

हेटौडा उपमहानगरपालिका वडा नं. ७ नागस्वती, मकवानपुर ।
आ. व. २०८०/०८१

वित्तीय विवरण सम्बन्धित नीति तथा टिप्पणीहरु
२०८१ साल असार मसान्तको

१ सामान्य जानकारी

हेटौडा बचत तथा ऋण सहकारी संस्था लिमिटेडले छरिएर रहेका स-साना रकमलाई सहकारीको माध्यमबाट बचत गर्ने बानी बसाली त्यस्ता रकमलाई आय आर्जन गर्ने क्षेत्रमा लगानी गरी आफ्ना सदस्यहरुको आर्थिक विकासमा टेवा पुऱ्याउने मूख्य उदेश्यले सहकारी ऐन, २०७४ अनुसार मिति २०५६/०९/०७ मा तत्कालिन डिभिजन सहकारी कार्यालय, मकवानपुरमा दर्ता नम्बर २/१४५(१३१)०५६/०५७ मा दर्ता भई वित्तीय कारोवार संचालन गर्दै आइरहेको छ । संस्थाले मिति २०६५।०९।२९ मा आन्तिरिक राजस्व कार्यालय हेटौडामा दर्ता गरी ३०१४९८०२१ स्थायी लेखानम्बर प्राप्त गरेको छ । संस्थाको मुख्य कार्यालय हेटौडा उपमहानगरपालिका वडा नं. ७ नागस्वतीमा रहेको छ । संस्थाको कार्यक्षेत्र हेटौडा उपमहानगरपालिका वडा नं. १,२ र ४ देखि ११ र १४ देखि १८ रहेको छ ।
संस्थाको प्रमुख गतिविधिहरुमा बचत सकंलन, ऋण लगानी आदि पर्दछन् । यी सेवाहरु संस्थाले आफनो कार्य क्षेत्र भित्रका शेयर सदस्यहरुलाई प्रदान गर्दै आएको छ ।

२ वित्तीय विवरण तयारीका आधारहरु

२.१ अनुपालन सम्बन्धी उद्घोषण

संस्थाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक वित्तीय विवरणहरु नेपाल लेखामान बोर्ड **(Accounting Standards Board, Nepal- ASBN)**बाट जारी भई नेपाल चार्टड एकाउन्टेन्ट्स संस्था **(Institute of Chartered Accountants of Nepal- ICAN)** द्वारा अनुपालनको लागि सुचित गरिएका नेपाल वित्तीय प्रतिवेदन मान **(NFRS for SMEs)** मा भएका व्यवस्था अनुसार तयार पार्नु पर्नेमा उक्त वार्षिक वित्तीय विवरणहरु सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा सहकारी विभागबाट जारी गरिएको निर्देशनहरुका अधिनमा रही तयार पारिएका छन् ।

वार्षिक विवरण तयार गर्दा अपनाईएका प्रमुख नीतिहरु बुँदा नं ३ मा प्रस्तुत गरिएका छन् ।

२.१.१ Reporting Pronouncement

वार्षिक वित्तीय प्रतिवेदन मझौला निकायका लागि नेपाल लेखामान **(NFRS for SMEs)** मा भएका प्रावधान बमोजिम तयार गरिएको छ । प्रस्तुत वार्षिक वित्तीय विवरणहरु पहिलो पटक मझौला निकायका लागि नेपाल लेखामान बमोजिम तयार गरिएका छन् । विगत आर्थिक वर्षको वित्तीय विवरणलाई आर्थिक वर्ष २०८०/८१ को तुलनात्मक रुपमा एकरुपता ल्याउन सो आर्थिक वर्ष २०७९/८० का वित्तीय विवरणलाई समेत **NFRS for SMEs** मा भएका व्यवस्थाहरु बमोजिम आवश्यकता अनुसार पुनरवर्गीकरण तथा पुनरालेखन गरिएका छन् ।

यसरी मझौला निकायका लागि नेपाल लेखामान बमोजिम तयार गरिएको आर्थिक वर्ष २०८०/८१ को वार्षिक विवरणहरु तथा सो सँग तुलनात्मक रुपमा एकरुपता ल्याउन मिति २०८०/०४/०१ र २०८०/०३/३१ का वित्तीय विवरणहरु सोही प्रावधान बमोजिम पुनरलेखन तथा पुनरवर्गीकरण गरिएका तथा सोही मितिमा अगाडिको **Generally Accepted Accounting Principles (GAAP)** बमोजिम तयार गरिएका वित्तीय विवरणहरुसँग तुलनात्मक विवरणमा प्रस्तुत गरिएको छ ।

लेखा सहायक	व्यवस्थापक	कोषाध्यक्ष	अध्यक्ष	लेखापरीक्षक
				PURNA MAN & ASSOCIATES Registered Auditors Makwanpur Registrations No. 3727

२.१.२ प्रतिवेदनको समयावधि तथा वित्तीय विवरणको स्वीकृति

संलग्न वित्तीय विवरणले मिति ०१ श्रावण २०७९ देखि मिति ३१ असार २०८० को अवधिलाई समेटि मिति ३१ असार २०८१ को वित्तीय अवस्था प्रस्तुत गरेको छ । उक्त वित्तीय विवरण वार्षिक साधारण सभामा स्वीकृतीको लागि पेश गर्न सञ्चालक समितिको मिति २०८१।०६।१० बैठकबाट स्वीकृत भएको छ ।

२.२ वित्तीय विवरणको उत्तरदायित्व

संस्थाको वित्तीय विवरण तयार पार्ने उत्तरदायित्व सञ्चालक समितिमा निहित रहेको छ । समितिले उक्त उत्तरदायित्वलाई वार्षिक प्रतिवेदनमा उल्लेख गरे बमोजिम स्वीकार गर्दछ । वित्तीय विवरणमा निम्न विवरणहरु समावेश गरिएका छन् ।

(क) संस्थाको आषाढ मसान्त, २०८१ मा कायम वित्तीय अवस्थाको जानकारी प्रदान गर्ने वित्तीय अवस्थाको विवरण (Statement of Financial Position)

(ख) संस्थाको आर्थिक वर्ष २०८०/८१ को वित्तीय प्रगतिको जानकारी प्रदान गर्ने नाफा वा नोक्सान हिसाब(Statement of Profit or Loss)

(ग) संस्थाको आर्थिक वर्ष २०८०/८१ को नगद प्रवाहको जानकारी प्रदान गर्ने नगद प्रवाह विवरण (Statement of Cash Flows),

(घ) संस्थाको आर्थिक वर्ष २०८०/८१ मा जेथामा भएको परिर्वतनको जानकारी प्रदान गर्ने ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण (Statement of Change In Equity),

(ङ) संस्थाको वित्तीय विवरण तयार गर्दा अवलम्बन गरिएको प्रमुख लेखा नीतिहरु र वित्तीय विवरणसँग सम्बन्धित अन्य सान्दर्भिक जानकारीहरु समेटिएको लेखा सम्बन्धी टिप्पणीहरु ।

२.३. कार्यात्मक तथा प्रस्तुतीकरण मुद्रा

संलग्न वित्तीय विवरणहरु निकटतम रुपैयाँमा प्रस्तुत गरिएको छ । आर्थिक विवरणमा देखाईएका सम्पत्ति तथा दायित्वहरु नेपाली रुपैयामा लेखिएका छन् जुन संस्थाको कार्यात्मक मुद्रा पनि हो ।

२.४. महत्वपूर्ण लेखांकन निर्णय र अनुमान

NFRS for SMEs को प्रावधान बमोजिम लेखा नीति अपनाएर वित्तीय प्रतिवेदन तयार गर्दा **NFRS for SMEs** ले निर्दिष्ट गरे बमोजिम उपयुक्त तथा समुचित अनुमान (Estimate), धारणा (Assumption), तथा स्वविवेक (Judgement)हरुलाई आधार बनाईएको हुन्छ । सहकारीको व्यवस्थापनले उक्त अनुमान, धारणा तथा स्वविवेकको समय अनुकुल पुनरावलोकन गरी आवश्यक भएको अवस्थामा **NFRS for SMEs** ले निर्दिष्ट गरे अनुसार समायोजन गर्ने गरिएको छ ।

वित्तीय विवरणको तयारीमा निम्न क्षेत्रको अनुमान, धारणा तथा स्वविवेकको प्रयोगले महत्वपूर्ण भूमिका खेलेको हुन्छ :

- ✓ वित्तीय सम्पत्ति तथा दायित्वको वर्गीकरण (Classification of Financial Assets and Financial Liabilities)
- ✓ आयकर निर्धारण (Taxation)
- ✓ सम्भावित दायित्व निर्धारण(Provision for Liabilities, Commitments and Contingencies)

लेखा सहायक	व्यवस्थापक	कोषाध्यक्ष	अध्यक्ष	लेखापरीक्षक

PURNA MAN & ASSOCIATES
Registered Auditors
Makwanpur
Registrations No. 3727

२.४.१ वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था(Impairment Losses on Financial Assets)

वित्तीय सम्पत्तिमा भएको नोक्सानीको व्यवस्था सहकारी विभागले जारी गरेको सहकारी संघसंस्थामा सुशासन प्रवर्द्धनको लागि एकीकृत निर्देशन २०७९ को बुँदा नं २० बमोजिमको रकमलाई नोक्सानी व्यवस्थाको लागि छुट्याईएको छ । नोक्सानी व्यवस्थाको मूल्याङ्कनको प्रक्रियामा व्यवस्थापनले अवलम्बन गर्ने स्वविवेक उक्त मूल्याङ्कनको अभिन्न अंग हुन्छ र यसरी मूल्याङ्कन गर्दा व्यवस्थापनले उपलब्ध तथ्याङ्क औचित्यताका आधारमा समायोजन गर्ने गरेको छ ।

२.४.२ कर तथा स्थगन कर

आयकर खर्चमा यस वर्षको कर तथा विगत वर्षको कुनै थप कर दायित्व आयमा सो समेत समावेश गरिन्छ ।

चालु कर

चालु आयकर दायित्व भन्नाले चालु आर्थिक वर्षमा गरिएको मुनाफाबाट आन्तरिक राजश्व विभागलाई तिर्नु पर्ने आयकर रकम हो । आयकर गणना गर्ने प्रयोजनको लागि उपयोग हुने करका दर (तथा कर सम्बन्धी कानून) वित्तीय स्थितिको विवरण मितिमा लागू भएका दर हुन् । सोही अनुरुप चालु आयकरको गणना गर्दा आयकर ऐन २०५८ (संसोधन सहित) मा गरिएको व्यवस्था बमोजिम यस वर्षको नाफालाई आधार मानी गणना गरिन्छ ।

२.४.३ लगानी सम्पत्तीको वर्गिकरण

कुनै सम्पत्ति लगानी सम्पत्तिको रुपमा वर्गिकरण गर्न योग्य भए वा नभएको निर्धारण गर्नको लागि व्यवस्थापनको स्वविवेक आवश्यक पर्दछ । सहकारीले यी स्वविवेकको एकनास रुपले प्रयोग गर्न मापदण्डहरुको विकास गरेको छ । कुनै सम्पत्ति जुन भाडा वापत कमाउन वा पूँजीको मूल्यवृद्धिको लागि राखिएको छ वा दुबै उद्देश्यको लागि धारण गरिएको छ र त्यो सम्पत्तिले सहकारीले अन्य सम्पत्तिहरु भन्दा स्वतन्त्र रुपमा नगद प्रवाह उत्पन्न गर्न सक्दछ भने त्यो सम्पत्तिलाई लगानी सम्पत्तिको रुपमा वर्गिकरण गरिन्छ । त्यसैगरी कुनै सम्पत्ति जुन संचालनका लागि वा सेवा प्रदान गर्नका लागि वा प्रशासनिक उद्देश्यका लागि प्रयोग गरिन्छ र त्यो सम्पत्तिले एकल रुपमा प्रत्यक्ष नगद प्रवाहहरु उत्पन्न गर्न सक्दैन भने त्यस्ता सम्पत्तिलाई सम्पत्ति, प्लान्ट तथा उपकरणको रुपमा वर्गिकरण गरिन्छ । सहकारीले वार्षिक रुपमा आफ्ना सम्पत्तिहरुको वर्तमान उपयोगलाई ध्यानमा राखि सम्पत्तिको वर्गीकरण गर्दछ ।

२.५ लेखा नीतिमा परिवर्तन

संलग्न वित्तीय प्रतिवेदनहरु पहिलो पटक **NFRS for SMEs** को अनुपालनमा बनाईएका वार्षिक वित्तीय प्रतिवेदनहरु हुन् । पहिलो पटक **NFRS for SMEs** बमोजिम वित्तीय प्रतिवेदनहरु तयार गर्दा **NFRS for SMEs** मा भएको व्यवस्था बमोजिम बिगतमा **NFRS for SMEs** लागु हुनु अघिको GAAP बमोजिम तयार गरिएका वित्तीय विवरणहरुलाई **NFRS for SMEs** अनुसार पुनरलेखन गर्नु पर्दा सो को वित्तीय स्थिति विवरण, नाफा नोक्सान हिसाब विवरण, नगद प्रवाह विवरणमा पर्न जाने प्रभावको बारे जानकारी दिइएको छ ।

२.६ संस्थाको निरन्तरता/अविछिन्नतामा आधारित लेखा नीति (Going Concern)

संस्थाको व्यवस्थापनले आफनो व्यवसाय निरन्तर रुपमा (Going Concern Basis) चलिरहन्छ भन्ने क्षमताको समीक्षा गरेको छ । संस्थाको व्यवसाय भविष्यमा अनवरत रुपमा चलिरहनको लागि व्यवस्थापनसंग पर्याप्त स्रोतहरु छन् भनी विश्वस्त छ । यसका लागि सञ्चालक समितिले नाफा, नगद प्रवाह, पूँजीगत स्रोतहरु जस्ता अवस्थाहरुको भविष्यको प्रक्षेपण गर्नका साथै हाल र भविष्यको अवस्थाहरु विश्लेषण गरेको छ ।

२.७ तुलनात्मक जानकारी

लेखा नीतिहरु सबै अवधिमा समान रुपले अवलम्बन गरिएको छ । गत आर्थिक वर्षका वित्तीय रकमहरुलाई आवश्यकता अनुसार पुनरवर्गीकरण गरिएका छन् ।

लेखा सहायक	व्यवस्थापक	कोषाध्यक्ष	अध्यक्ष	लेखापरीक्षक

PURNA MAN & ASSOCIATES
Registered Auditors
Makwanpur
Registrations No. 3727

२.८ वित्तीय स्थितीको विवरण मिति पश्चातका घटनाहरु

आर्थिक वर्षको अन्त्य देखि वार्षिक वित्तीय विवरण (मिति अषाढ ३१, २०८१ को वित्तीय अवस्था दर्शाउने वित्तीय विवरणहरु) प्रकाशन वा जारी गर्न स्वीकृत नहुन्जेलको समयावधीमा सो विवरणले पेश गरेको वित्तीय अवस्था सम्बन्धी थप जानकारी दिने वा उल्लेख्य असर पार्ने कुनै पनि अनुकुल वा प्रतिकुल घटनाहरुलाई वित्तीय स्थितिको विवरणको मिति पश्चात्तका घटनाहरु भन्ने गरिन्छ ।यस्तो अवस्था आएको छैन ।

३ प्रमुख लेखा नीतिहरु

३.१ मापनको आधार

प्रस्तुत वित्तीय विवरण तल उल्लेखित अवस्थामा बाहेक ऐतिहासिक मूल्यका आधारमा तयार गरिएको छ ।

३.२ नगद र नगद समान

नगद तथा नगद समान अन्तर्गत नगद मौज्दात, बैंकमा तथा वित्तीय संस्थामा रहेको मौज्दात र माग, तिन महिना वा सो भन्दा कम अवधि भएका अत्याधिक तरल वित्तीय सम्पत्ति तथा अल्प सुचनामा प्राप्त हुने रकम पर्दछ । यस्ता नगद तथा नगद समानहरूको उचित मूल्यमा हुने परिवर्तनको जोखिम एकदमै कम हुन्छन् र सहकारीले यी सम्पत्तिहरूको प्रयोग अल्पकालिन प्रतिवद्धता पुरा गर्न गर्दछ ।

वित्तीय स्थितिको विवरणमा नगद तथा नगद समान परिषोधित लागत (Amortized Cost)मा मापन गरिएको छ ।

३.३ वित्तीय सम्पत्ति तथा वित्तीय दायित्व

क) प्रारम्भिक पहिचान तथा लेखाङ्कन

सहकारीले प्रारम्भिक रुपमा आफ्नो वित्तीय अवस्थाको विवरणमा वित्तीय सम्पत्ति वा दायित्वलाई तब मात्रै लेखाङ्कन गरिन्छ जब यो उपकरणको अनुबन्धन व्यवस्थाको पक्ष (Party to Contractual Provision) हुन्छ ।

सहकारीले सुरुमा ऋण र सापटी, निक्षेप र सहायक दायित्वहरू उनीहरूको उत्पत्ति भएको मितिमा लेखाङ्कन गर्दछ जुनबेला सहकारी उपकरणको अनुबन्धन व्यवस्थाको पक्ष बन्छ । ईक्विटी उपकरणमा लगानीलाई व्यापारको मितिमा लेखाङ्कन गरिन्छ । वित्तीय सम्पत्तिको नियमित हुने खरिद र विक्रीलाई चुक्ता हुने मितिमा लेखाङ्कन गरिन्छ ।

३.४ सम्पत्ति तथा उपकरण

सहकारीले **"Property, Plant & Equipment"** को व्यवस्था अनुसार आफ्ना स्थिर सम्पत्ति र कार्यालय उपकरणहरुको पहिचान, मापन तथा लेखाङ्कन गर्ने गरेको छ ।

संस्थालाई स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको उपयोगबाट भविष्यमा अवश्यम्भावी आर्थिक लाभ हुने सम्भावना रहेको तथा सो स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको लागत मापन गर्न सकिएको अवस्थामा मात्र त्यस्ता स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको पहिचान गर्ने गरिन्छ ।

पहिचान भएका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको लागतलाई मापन गरी लेखाङ्कन गरिन्छ । लागत मापन गर्दा सो स्थिर सम्पत्ति तथा कार्यालय उपकरण प्राप्ति वा निर्माणका लागि भएका पूँजीकृत गर्न मिल्ने सबै खर्चलाई सो सम्पत्तिको लागतको रुपमा लेखाङ्कन गरिन्छ । उक्त प्रकृति बाहेकका अन्य खर्चहरुलाई खर्च भएकै अवधिमा प्रोदभावी आधारमा नाफा नोक्सान खातामा लेखाङ्कन गरिन्छ ।

स्थिर सम्पत्तिलाई "Cost Model"मा लेखाङ्कन तथा प्रस्तुत गर्ने संस्थाको लेखा नीति रहेकोछ । यस Model अनुसार स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई सोको ऐतिहासिक लागतबाट सञ्चित ह्रासकट्टी तथा सञ्चित क्षयिकरणको नोक्सानीलाई घटाएर प्रस्तुत गर्ने गरिन्छ ।

स्थिर सम्पत्ति तथा कार्यालय उपकरण बिक्री गरिएमा अथवा सो को प्रयोगबाट भविष्यमा कुनै पनि आर्थिक लाभ लिन नसकिने अवस्था आंकलन भएमा, सो सम्पत्तिको किताबी मूल्यलाई निसर्ग गर्ने गरिन्छ । यसरी निसर्ग गरिँदा सोमा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ ।

लेखा सहायक | व्यवस्थापक | कोषाध्यक्ष | अध्यक्ष | लेखापरीक्षक

PURNA MAN & ASSOCIATES
Registered Auditors
Makwanpur
Registrations No. 3727

ह्रासकट्टी

संस्थाले स्थिर सम्पत्ति तथा कार्यालय उपकरण उपयोगको लागि उपलब्ध भए पछि निसर्ग हुने समयसम्मको अवधिमा ह्रासकट्टी गर्ने गरेको छ । संस्थाले स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई आयकर ऐन २०५८ अनुसार घटदोदर ह्रासकट्टी प्रणाली (Writtendown Value Method)अनुसार ह्रासकट्टी गर्ने गरेको छ भने लिजहोल्ड र आर.ओ.यू सम्पत्तिलाई भने पट्टा अवधिमा अपलेखन हुने गरी परिशोधन नीति अपनाइएको छ । सहकारीका विभिन्न प्रकृतिका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको ह्रासकट्टी दर निम्न बमोजिम छ ।

सम्पत्तिको प्रकृति	अनुमानित उपयोग अवधि
भवन	५%
कार्यलय उपकरण	२५%
परिवहन साधन	१५%
फर्निचर तथा फिक्सर	२५%
अन्य सम्पत्ति	१५%

३.५ अदृश्य/अमूर्त सम्पत्ति

खरिद गरिएको कम्प्यूटर सफ्टवेयर लाइसेन्सहरुको खरिद गर्न र प्रयोग गर्न सकिने अवस्थामा ल्याउनको निम्ति लागेको लागतलाई पूँजीकृत गरिन्छ । कम्प्यूटर सफ्टवेयर लागतलाई अपेक्षित उपयोगी अवधिको आधारमा परिशोधन गरिन्छ । सफ्टवेयर चालु अवस्थामा राख्न लाग्ने रकमलाई खर्चको रूपमा मान्यता दिइन्छ ।

सफ्टवेयरलाई प्रयोगको लागि उपलब्ध मिति देखि समादर विधिमा, अनुमानित उपयोगी अवधिमा नाफा वा नोक्सान हिसाबमा यसको परिशोधन गरिन्छ । हालको र तुलनात्मक अवधिको लागि सफ्टवेयरको अनुमानित उपयोगी अवधि **५ वर्ष** हो ।

अभौतिक सम्पत्ति विक्री गरिएमा अथवा सोको उपयोगबाट भविष्यमा कुनै पनि आर्थिक लाभ लिन नसकिने अवस्था भएमा सोको किताबी मूल्यलाई निसर्ग गर्ने गरिन्छ । यसरी अभौतिक सम्पत्ति निसर्ग गरिँदा सो मा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ ।

३.६ आयकर

संस्थाले आयकर लेखाङ्कन **Income Tax Act** को प्रावधान बमोजिम गर्ने गरेको छ । आयकर खर्चमा यस वर्षको कर तथा विगत वर्षको कुनै थप कर दायित्व आएमा सो समेत समावेश गरिन्छ ।

चालु कर

चालु कर भनेको यस वर्षको नाफा वा नोक्सानमा हुने अपेक्षित तिर्नु पर्ने वा पाउनु पर्ने करको रकम हो जुन रिर्पोटिङ्ग मितिमा लागू गरिएको वा ठोस रूपमा लागु गरिएको करका दरहरू प्रयोग गरी गणना गरिन्छ ।

३.७ आयको पहिचान

अन्यथा उल्लेख भएकोमा बाहेक, संस्थाले आम्दानीलाई"Revenue"को प्रावधान बमोजिम पहिचान, मापन तथा लेखाङ्कन गर्ने गरेको छ ।

३.७.१ ब्याज आम्दानी

ब्याज आम्दानीमा ऋण लगानी, नगद तथा नगद समान, बैंक तथा वित्तीय संस्थामा रहेको नगदमा प्राप्त ब्याज रकमहरु समावेश हुन्छ ।

लेखा सहायक | व्यवस्थापक | कोषाध्यक्ष | अध्यक्ष | लेखापरीक्षक

PURNA MAN & ASSOCIATES
Registered Auditors
Makwanpur
Registrations No. 3727

३.७.२ शुल्क तथा कमिशन आम्दानी

ऋण सेवाबाट प्राप्त हुने शुल्क तथा कमिशन, ऋण नवीकरण वा स्वीकृत भए पश्चात आम्दानीमा लेखाङ्कन गरिन्छ । ऋण सम्बन्धी अन्य सहायक सेवा तथा सदस्यलाई प्रदान गरिने अन्य सेवा सुविधा वापत प्राप्त हुने अन्य सबै शुल्कहरु सेवा प्रदान गरे पश्चात आम्दानीमा लेखाङ्कन गरिन्छ ।

३.७.३ लाभांश आम्दानी

संस्थालाई शेयर लगानीबाट प्राप्त हुने नगद लाभांश सो लाभांश प्राप्त हुने अधिकार स्थापित भएको मितिमा आयमा लेखाङ्कन गरिन्छ ।

३.७.४ अन्य सञ्चालन आम्दानी

ब्याज आम्दानी, शुल्क तथा कमिशन आम्दानी तथा व्यापारिक आम्दानी अन्तर्गत देखाइएका बाहेक अन्य प्रकृतिको आम्दानीलाई यस शिर्षक अन्तर्गत देखाइएको छ । लाभांश आम्दानी, स्थिर सम्पत्ति तथा कार्यालय उपकरण वा लगानीको उद्देश्य भएका स्थिर सम्पत्तिको निसर्गबाट हुने आम्दानी आदिलाई यस शिर्षक अन्तर्गत प्रस्तुत गरिएको छ ।

३.८ खर्चको लेखाङ्कन

३.८.१ ब्याज खर्च

सदस्यहरुको निक्षेप खाता र संस्थाले प्राप्त गरेको अन्य सापटीको ब्याजलाई पाकेको आधारमा(Accrual Accounting)लेखाङ्कन गरिन्छ ।

३.८.२ कर्मचारी खर्च

कर्मचारी खर्चको पहिचान, मापन तथा लेखाङ्कनको लागि संस्थाले"Employee Benefits"को प्रावधान बमोजिम गरेको छ ।

क) अल्पकालीन कर्मचारी खर्चहरु

ज्याला, तलब, भत्ता, बिदा बापतको रकम भुक्तानी तथा प्रत्येक आर्थिक वर्ष समाप्त भएको १२ महिना भित्र भुक्तानी गरिने त्यस्ता सुविधाहरु (सवारी साधन सुविधा, सहुलियतपूर्ण ऋण) अल्पकालीन कर्मचारी खर्चहरुमा पर्दछन् । अल्पकालीन कर्मचारी खर्चको लेखाङ्कन कर्मचारीले सेवा प्रदान गरे पश्चात् वा सेवा प्रदान गरेको कारण क्षतिपूर्ति प्राप्त गर्ने अधिकार सिर्जना भए पश्चात गरिन्छ ।

अल्पकालीन कर्मचारी खर्चलाई Discount नगरी मापन गरिन्छ र सेवा प्रदान गरेको बखतनै खर्च जनाइन्छ ।

ख) रोजगार पछिको सुविधा

कर्मचारी सुविधा अनुसार परिभाषित योगदान योजना रोजगार पछि प्राप्त हुने लाभ योजना हो जसमा संस्थाले निश्चित रकम छुट्टै बैंक खाता/कोषमा योगदान गर्दछ र यदि कर्मचारीहरुको वर्तमान तथा पूर्व सेवा वापतको सम्पूर्ण कर्मचारी लाभ भुक्तानी गर्न यथेष्ट सम्पत्ति नभएको खण्डमा कुनै कानुनी र निर्मित दायित्व आउँदैन ।

परिभाषित योगदान योजनामा कर्मचारीले संस्थालाई दिएको सेवाको अनुपातमा रोजगारदाताले तिर्नु पर्ने योगदानलाई कर्मचारी खर्च भनेर **Due** भएको दिन खर्चमा लेखाङ्कन गरिन्छ । तिर्न बाँकी योगदानलाई दायित्वको रुपमा अन्य दायित्वमा देखाइन्छ । संस्थाले प्रशिक्षण अवधि पूरा भएका प्रत्येक कर्मचारीको बिदा तथा उपदान वापतको रकम खर्च लेखि संस्थामा राख्ने व्यवस्था गरिएको छ ।

३.९ शेयर पूँजी

शेयर पूँजीलाई चुक्ता मूल्यमा लेखाङ्कन गरिन्छ । शेयर सदस्यहरुलाई वार्षिक साधारण सभामा मत राख्न सक्ने र पारित लाभांश पाउने अधिकार हुन्छ । संस्थाको साधारण शेयर बाहेक अन्य कुनै प्रकृतिका शेयर रहेको छैन ।

लेखा सहायक	व्यवस्थापक	कोषाध्यक्ष	अध्यक्ष	लेखापरीक्षक
				PURNA MAN & ASSOCIATES Registered Auditors Makwanpur Registrations No. 3727

३.१० कोषहरु

जगेडा कोष र अन्य कोष

सहकारी ऐन, २०७४ को दफा ६८ मा भएको व्यवस्था अनुसार संस्थाले आर्थिक वर्षको खूद मुनाफा रकमको २५ प्रतिशत रकम साधारण जगेडा कोषमा रकमान्तर गरिन्छ । सहकारी ऐन, २०७४ को दफा ६९ र ७० मा भएको व्यवस्था अनुसार संस्थाले साधारण जगेडा कोष छुट्याई बाँकी रहेको रकमबाट संरक्षित पूँजी फिर्ता कोषमा २५% र सहकारी प्रर्वद्धन कोषमा ०.५% रकम रकमान्तर गरिन्छ । सहकारी ऐन, २०७४, सहकारी नियमावली २०७५ र संस्थाको विनियम बमोजिम अन्य शिर्षकमा संरक्षित पूँजी फिर्ता कोष र सहकारी प्रर्वद्धन कोषमा नाफा बाँडफाँड पछीको नाफा देहायम बमोजिम कोषमा बाँडफाँड गरिन्छ ।

कोषको नाम	छुटयाईको प्रतिशत	कैफियत
शेयर लाभांस कोष	६०%	
कर्मचारी बोनस कोष	१०%	
सदस्य शिक्षा कोष	५%	
संस्था बिकास कोष	५%	
घाटापुर्ति कोष	५%	
सामुदायिक बिकास कोष	५%	
स्थिरीकरण कोष	५%	
अन्य जोखिम व्यवस्थापन कोष	५%	

लेखा सहायक | व्यवस्थापक | कोषाध्यक्ष | अध्यक्ष | लेखापरीक्षक

PURNA MAN & ASSOCIATES
Registered Auditors
Makwanpur
Registrations No. 3727

हेटौडा बचत तथा ऋण सहकारी संस्था लि.

हेटौडा उपमहानगरपालिका ७ नागस्वती, मकवानपूर

आ.व. २०८०/२०८१ को पर्ल्स(PEARLS) मूल्यांकन पद्धतिका अनूपातहरु

क्षेत्र	सूचक		विवरण	लक्ष प्रतिशत	उपलब्धी	कैफियत
P Protection ऋण सूरक्षण व्यवस्था	P1	खराब ऋण सूरक्षण	ऋण हानीको लागि छुट्याइएको रकम x १०० / १२ महिना भन्दा बढी भाखा नाघेको ऋण	१०० %	१००	
	P2	शंकास्पद ऋण सूरक्षण	ऋण हानीको लागि छुट्याइएको रकम x १०० / १२ महिना भन्दा कम भाखा नाघेको ऋण	३५ %	०	
	P2X	शूद्ध ऋण	ऋण हानीको लागि छुट्याइएको रकम x १०० / शूद्ध ऋण	१ %	१	
E Effective Financial Structure प्रभावकारी वित्तिय संरचना	E1	शूद्ध ऋण	लगानीमा रहेको खूद(शूद्ध) ऋण x १०० / कुल सम्पती	७०% - ८०%	७९.९५	
	E2	तरल लगानी	तरल लगानी x १०० / कुल सम्पती	बढीमा २० %	१७.३८	
	E5	बचत (निक्षेप)	जम्मा बचत(निक्षेप) रकम x १०० / कुल सम्पती	७०% - ८०%	७९.३२	
	E6	वाह्य ऋण	वाह्य ऋण x १०० / कुल सम्पती	बढीमा ५ %	२.३९	
	E7	शेयर पूंजी	सदस्यको शेयर पुँजी x १०० / कुल सम्पती	१०% - २०%	६.९५	
	E8	संस्थागत पूंजी	संस्थागत पुँजी x १०० / कुल सम्पती	कम्तीमा १०%	५.५८	
	E9	शूद्ध संस्थागत पूंजी	शूद्ध संस्थागत पुँजी x १०० / कुल सम्पती	E8 बराबर	५.३२	
A Assets Quality सम्पतीको गूणस्तर	A1	भाखा नाघेको ऋण	कुल भाखा नाघेको ऋण x १०० / उठ्न बाँकी ऋण	बढीमा ५ %	०.३३	
	A2	प्रतिफल रहित सम्पती	आय आर्जन नगर्ने सम्पती x १०० / कुल सम्पती	बढीमा ५ %	१.६८	
R Rate of Cost and Returns लागत र प्रतिफल	R1	लगानी प्रतिफल	ऋण लगानी बाट व्याज आम्दानी x १०० / औसत ऋण रकम	लगानीको व्याज दर बराबर	१५.०४	
	R5	बचत प्रतिफल	बचतमा व्याज भुक्तानी x १०० / औसत जम्मा बचत	बचतको व्याज दर बराबर	९.५४	
	R7	शेयर प्रतिफल	लाभांस वितरण x १०० / औसत शेयर पुंजी	औसत बचतको व्याज दर भन्दा बढी	९.२६	
	R9	संचालन खर्च	संचालन खर्च x १०० / कूल औसत सम्पती	बढीमा ५ %	३.२८	
L Liquidity तरलता	L1	तरलता	तरल सम्पती+तरल लगानी – छोटो अवधिको भुक्तानी x १०० / कुल बचत रकम	कम्तीमा १५%	२१.१५	
	L2	तरल मौज्दात	तरल मौज्दात जगेडा x १०० / कुल बचत	१० %	२१.९१	
	L3	नकमाउने तरल सम्पती	नकमाउने तरल सम्पती x १०० / कुल सम्पती	बढीमा १ %	०.००	
S Sign of Growth वृद्धी संकेत	S10	सदस्य संख्या वृद्धी	यस वर्षको सदस्य संख्या - गत वर्षको सदस्य संख्या x १०० / गत वर्षको सदस्य संख्या	न्यूनतम १२ %	४.७५	
